गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

बारेकोट गाउँपालिकाको

# विनियोजन ऐन

## २०८२

बारेकोट गाउँपालिका, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०८२

आ.व. २०८२/०८३ सालको ऐन नं. : २
गाउँ सभामा पेश मिति : २०८२।०३।०८ सभामाबाट
पारित मिति : २०८१।०३।१९

## बारेकोट गाउँपालिकाको बिनियोजन ऐन, २०८२

बारेकोट गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरूको लागी स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

**प्रस्तावना:** बारेकोट गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संबिधानको धारा २२९ को उपधारा (२) बमोजिम बारेकोट गाउँसभाले यो ऐन तयार गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बारेकोट गाउँपालिकाको बिनियोजन ऐन, २०८२ रहेको छ।
(२) यो ऐन बारेकोट गाउँपालिका गाउँसभाको अधिवेशनबाट पारित भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक बर्ष २०८२/२०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक बर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, बिषयगत शाखाले, गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि (१) मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरि जम्मा रु. ६०,५९,२१,५०९।- **(साठी करोड उन्साठी लाख एक्काइस हजार पाँच सय नौ रुपैयाँ मात्र)** मा नबडाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०८२/२०८३ को निमित्त बारेकोट गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र बिषयगत शाखाले सेवा र कार्यहरुको लागी बिनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५% (पच्चीस प्रतिशत) मा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र बित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानि खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो शिर्षकको जम्मा स्वीकृत रकमको २५% (पच्चीस प्रतिशत) भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ।

(४) विविध : १ आयोजना व्यवस्थापन खर्च (कन्टिजेन्सी) सम्वन्धमा तोकिए बमोजिम गर्ने।

आ.व. २०८२/०८३ सालको ऐन नं. : २
गाउँ सभामा पेश मिति : २०८२।०३।०८ सभामाबाट
पारित मिति : २०८१।०३।१९

## बारेकोट गाउँपालिकाको बिनियोजन ऐन, २०८२

बारेकोट गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरूको लागी स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

**प्रस्तावनाः** बारेकोट गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बारेकोट गाउँसभाले यो ऐन तयार गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बारेकोट गाउँपालिकाको बिनियोजन ऐन, २०८२ रहेको छ।
(२) यो ऐन बारेकोट गाउँपालिका गाउँसभाको अधिवेशनबाट पारित भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक बर्ष २०८२/२०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक बर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, बिषयगत शाखाले, गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि (१) मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र वित्तीय व्यबस्थाको रकम समेत गरि जम्मा रु. ६०,१६,५१,५१०।- **(साठ्ठी करोड सोह्र लाख एकाउन्न हजार पाँच सय दश रुपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०८२/२०८३ को निमित्त बारेकोट गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र बिषयगत शाखाले सेवा र कार्यहरुको लागी बिनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिंन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५% (पच्चीस प्रतिशत) मा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र बित्तीय व्यबस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानि खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो शिर्षकको जम्मा स्वीकृत रकमको २५% (पच्चीस प्रतिशत) भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ।

(४) विविध : १ आयोजना व्यवस्थापन खर्च (कन्टिजेन्सी) सम्वन्धमा तोकिए बमोजिम गर्ने।



बीर बहादुर गिरी
अध्यक्ष

(५) आर्थिक वर्ष २०८१/०८२ को असार मसान्तसम्म निरन्तर रुपमा कार्य गरी कार्यसम्पादन स्तर राम्रो एवम् सन्तोषजनक भएका कर्मचारीहरुको करार अवधि गाउँपालिकाको स्वीकृत सङ्गठन संरचना र दरवन्दी विवरण बमोजिम श्रम सम्वन्धी कानून र गाउँपालिकाको आर्थिक स्रोत समेतको आधारमा कम्तिमा साविकको सेवा शर्त र सुविधा कायम हुने गरि गाउँ कार्यपालिकाले थप गर्न सक्नेछ। करार कर्मचारीको करार सेवा अवधि थप गर्दा निजले २०८२ असार मसान्तसम्म सम्पादन गरेको कार्य सम्पादनस्तर मापन गर्नुपर्नेछ। कार्यबोझ र कर्मचारीले पुरा गरेको जिम्मेवारीको स्तर हेरेर थप व्ययभार नहुने गरि गाउँ कार्यपालिकाले पारिश्रमिक तोक्न सक्नेछ। गाउँ कार्यपालिकाले कर्मचारीको कार्यसम्पादन स्तर, सेवाको प्रकृति र कार्यालयको कार्यबोझ समेतलाई विश्लेशन गरी एक प्रकृतिको पदमा करार सेवामा कार्यरत कर्मचारीलाई अर्को प्रकृतिको पद वा सेवा समूहमा काम गर्ने गरि जिम्मेवारी तोक्न वा सेवा समूह परिवर्तन गर्न सक्ने छ।

अनुसुचि-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संबिधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने श्रोतगत

२०८२/०८३ को आय विवरण (क)

| क्र.सं | विवरण | आन्तरिक आय | राजश्व बाँडफाँड | वित्तिय समानीकरण | ससर्त अनुदान | विशेष अनुदान | समपूरक अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | ० | ११८४२३७११ | ९८६००००० | २३६२००००० | १६५००००० | १७८००००० | ४८७५२३७११ |
| २ | प्रदेश सरकार | ० | १८९७३७२ | १०४७४००० | २५४२०००० | ४०००००० | १४०००००० | ५५७९१३७२ |
| ३ | बैंक मौज्दात अल्या | २५०००००० | ० | ० | ० | ० | ० | २५०००००० |
| ३ | बारेकोट गाउँपालिका | २५००००० | ० | ० | ० | ० | ० | २५००००० |
| ४ | साझेदार संस्थाहरु | | | | | | | ३०८३६४२७ |
| | जम्मा | | | | | | | ६०,१६,५१,५१० |

बीर बहादुर गिरी
अध्यक्ष

## आय र व्यय विवरण (ख)

### आर्थिक वर्ष २०८२/८३ को आय र व्ययको विवरण

| क्र.सं. | आम्दानी (रु.) | | खर्च (रु.) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | ६०१६५१५१० | | ६०१६५१५१० | | | |
| १ | आम्दानी तर्फ | | चालु खर्च तर्फ | | | |
| १.१ | संघीय समानिकरण | ९८६००००० | चालु खर्च | ३९४४३६८१८ | ६५.५६% | |
| १.२ | संघ राजस्व बाँडफाँड | ११८४२३७११ | पूँजीगत खर्च | २०७२१४६९२ | ३४.५६% | |
| १.३ | प्रदेश समानिकरण | १०४७४००० | जम्मा | ६०१६५१५१० | १००% | |
| १.४ | प्रदेश राजस्व बाँडफाँड | १८९७३७२ | | | | |
| १.५ | आन्तरिक आम्दानी | २५००००० | | | | |
| १.६ | अल्या तथा बाँकी समेत | २५०००००० | क्षेत्रगत व्यय (गा.पा. तर्फ) | | | |
| | जम्मा | २५६८९५०८३ | आर्थिक विकास क्षेत्र | १९६५८३५० | ११.३४% | |
| | | | सामाजिक विकास क्षेत्र | ७९२१२२०० | ४५.०४% | |
| | | | पूर्वाधार विकास | ६५६१०५३३ | ३७.८४% | |
| | | | सार्वजनिक सेवा प्रवाह र सुशासन | ६४००००० | ३.६९% | |
| | | | वन, वातावरण तथा विपद व्यवस्थापन | २५००००० | १.४४% | |
| | | | विषयगत समिति जम्मा | १७३३८१०८३ | १००% | |
| | | | कार्यालय सञ्चालन चालु | ८३५१४००० | | |
| | | | कुल जम्मा | २५६८९५०८३ | | |
| २.१ | संघीय ससर्त अनुदान | २३६२००००० | संघीय ससर्त अनुदान | २३६२००००० | | |
| २.२ | संघीय समपूरक अनुदान | १७८००००० | संघीय समपूरक अनुदान | १७८००००० | | |
| २.३ | संघीय विशेष अनुदान | १६५००००० | संघीय विशेष अनुदान | १६५००००० | | |
| २.४ | प्रदेश विशेष अनुदान | ४०००००० | प्रदेश विशेष अनुदान | ४०००००० | | |
| २.५ | प्रदेश ससर्त अनुदान | २५४२०००० | प्रदेश ससर्त अनुदान | २५४२०००० | | |
| २.६ | प्रदेश समपूरक | १४०००००० | प्रदेश समपूरक अनुदान | १४०००००० | | |
| २.७ | साझेदार संघसंस्थाहरु | ३०८३६४२७ | साझेदार संघसंस्थाहरु | ३०८३६४२७ | | |
| | जम्मा | ३४४७५६४२७ | जम्मा | ३४४७५६४२७ | | |
| | जम्मा आम्दानी | ६०१६५१५१० | जम्मा खर्च | ६०१६५१५१० | | |

वीर बहादुर गिरी
अध्यक्ष

कर्णाली प्रदेश गाउँ सभा र नगर सभाको कानून निर्माण सम्बन्धी ऐन, २०७५ को दफा २४ को उपदफा (१) बमोजिम आर्थिक वर्ष २०८२/०८३ को बारेकोट गाउँपालिकाको विनियोजन ऐन, २०८२ सभा अध्यक्ष श्री वीर बहादुर गिरीबाट प्रमाणिकरण गरिएको छ।

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष

प्रमाणिकरण गर्ने:
नामः वीर बहादुर गिरी
पदः सभाअध्यक्ष
मितिः २०८२/०३/१९
पृष्ठ संख्याः ०४